# खोटेहाङ गाउँपालिकाको

# सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता सम्वन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०८/१८

## खोटेहाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खोटाङबजार, खोटाङ

प्रदेश नं. १, नेपाल

सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यविधि, २०७९

खोटेहाङ गाउँपालिका
खोटाङ जिल्ला, प्रदेश नं. १, नेपाल

# स्थानीय राजपत्र

| | |
|---|---|
| खण्ड ६ संख्याः ८ | मितिः- २०७९/०८/१८ |

भाग -२
खोटेहाङ गाउँपालिका

ऐन तथा सभाले बनाएको नियमको सर्म्पुण व्यहोरा

स्वीकृत एवम प्रमाणीकरण मिति :- २०७९।०८।१८

आज्ञाले,
अजम्बर राई

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावना :-

नेपालको संविधान, २०७२ ले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ ।नागरिकको आधारभूत स्वास्थ्य सेवा उपभोग गर्न पाउने अधिकारलाई बर्तमान संविधानले प्रत्याभुत गरेको छ । नेपाल सरकारले आ.व. ०६५/०६६ देखि लागु हुने गरि उच्च रहेको नवजात शिशु तथा मातृ मृत्यु दरलाई घटाउने उदेश्यका साथ निशुल्क रूपमा प्रसूति सेवा उपलब्ध गराउँदै आएको छ ।"समृद्ध नेपाल, सुखी नेपाली" को दिर्घकालिन सोच हासिल गर्न पोषणमा लगानी बृद्धि गरी दिगो विकास लक्ष्यको प्राप्तीमा जोड दिनु अपरिहार्य छ ।मातृ तथा शिशु मृत्युदर घटाउनुको साथै उच्चतम मानसिक, शारिरिक वृद्धि गर्नको लागि सुरक्षित मातृ स्याहार गर्न अपरिहार्य भएकोले सुरक्षित मातृत्वको क्षेत्रमा सुनौला हजार दिनका महिलाका लागि लगानी गर्न जरुरी भएकोले मातृ तथा शिशु मृत्युदर कम गर्ने, गुणस्तरिय स्वास्थ्य सेवा वढाउन स्वस्थ आमा, शिशु र वालवालिकाको स्वास्थ्यमा सुधार पुर्याइ स्वस्थ समाज निर्माण गर्ने साथै नेपालको संविधान वमोजिम आधारभूत स्वास्थ्य सेवा पाउने जनताको संवैधानिक अधिकार स्थापित गर्नको लागि **"समन्वयमा आधारित खोटेहाङ, दिगो विकास र समृद्धि हाम्रो अभियान"** भन्ने खोटेहाङ गाउँपालिकाको अवधारणालाई सफल कार्यान्वयन गर्न सुत्केरी स्याहार प्रोत्साहन प्रोषण भत्ता कार्यविधि, २०७९ खोटेहाङ गाउँपालिकाको कार्यपालिकाको मिति २०७९/०८/१८ गतेको वैठकको निर्णयानुसार पारित गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१) यस कार्यविधिको नाम "सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यविधि, २०७९" रहेको छ । २) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा:—

क) मातृशिशु सुरक्षा तथा "सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यविधि, २०७९" भन्नाले खोटेहाङ गाउँपालिकावाट महिला र वालवालिकाको स्वास्थ्यमा सुधार ल्याउनको लागि संचालन गरिएको कार्यविधि लाई सम्झनु पर्छ ।

ख) "लक्षित वर्ग" भन्नाले खोटेहाङ गाउँपालिकामा स्थायी ठेगाना भएको गर्भवती भए देखि सुत्केरी भएको ४५ दिन भित्रको आमा र वच्चालाई सम्झनु पर्छ ।

ग) "सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यक्रम" भन्नाले खोटेहाङ गाउँपालिका भित्र स्थायी वसोवास भई सुत्केरी भएका महिलालाई आमा र बच्चाको पोषण स्थितिमा स्वास्थ्य सुधार गर्नको लागि गाउँपालिकाले । ल्याएको महिला र वालवालिका कार्यक्रम हो ।

घ) "गाउँपालिका" भन्नाले खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

ङ) " प्रोटोकल" भन्नाले गर्भवती आमा र बच्चाहरुलाई स्वस्थ र स्वास्थ्य सेवा उपभोग गर्न तपसिल अनुसारको कार्यलाई सम्झनु पर्छ ।

(४) पटक अनिवार्य गर्भवती जाँच गरेको हुनुपर्ने।
आ) टि.डि. खोप लगाउनु पर्ने ।
इ) आईरन चक्की गर्भवती सुरुभएको चार महिना देखि प्रसूति भएको ४५ दिन सम्म नियमित खानुपर्ने ।
ई) बच्चा जन्मेको २४ घण्टा भित्र ३ दिन र ७ दिनमा ३ पटक उत्तर प्रसुति सेवा अनिवार्य लिएको हुनुपर्दछ।

३) सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यक्रम ल्याउनुको मुख्य उद्देश्य आमा र बच्चालाई गुणस्तरीय स्वास्थ्य सेवा दिनु, असल पारिवारिक वातावरणमा पोषणयुक्त खाद्य वस्तु उपभोग गर्नु, स्वस्थ खानेपानी, सरसफाई, पोषण, गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्नु, सुरक्षित प्रसुति सेवा लिनु, आमा र शिशुको मृत्युदरमा कमी ल्याउनु, महिला र बालबालिका मैत्री सेवा विस्तार गर्नु, निरोगी, सुपोषित र स्वावलम्वी नागरिक निर्माण गर्नु जस्ता कार्यहरु यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

## परिच्छेद २
## कार्यान्वयन कार्यविधि

४) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता आर्थिक वर्ष २०७९।८० देखि लागु हुनेछ ।
५) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता खोटेहाङ गाउँपालिकाको १ देखि ९ वडामा एकैसाथ लागु हुनेछ ।
६) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता प्राप्त गर्नलाई प्रत्येक गर्भवती आमाले प्रोटोकल अनुसार र प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता कार्यविधि अनुसार नियम पुगेमा रकम उपलव्ध गराईने छ । नियम पुरा नभए रकम उपलव्ध गराउन सकिने छैन ।
७) गाउँपालिकाको स्रोतवाट प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता रकम रु. २,५००।– (अक्षेरुपी दुई हजार पाँच सय) मात्र हुने छ ।
८) सो रकम प्राप्त गर्नको लागि प्रोटोकल अनुसार गर्भ जाँच, वर्थिङ सेन्टरबाट प्रसुति सेवा लिएको, सुत्केरी भएको २४ घण्टा, ३ दिन र ७ दिनमा उत्तर प्रसुति सेवा लिएको र वच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराएको हुनुपर्ने छ ।
९) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता एक जना महिलालाई दुई पटक प्रसुति सेवा लिदा सम्म मात्र उपलव्ध गराईनेछ।
१०) प्रसुति सेवा स्वास्थ्य संस्थावाट लिदा वच्चा पहिलै पेट भित्र मरेको वा जन्मीसकेपछि मरेमा उक्त बच्चाको जन्मदर्ता र खोप लगाएको खोप कार्ड नभए पनि भत्ता उपलव्ध गराउनवाट बन्चित गरिने छैन ।
११) प्रसुति सेवा सुचिकृत स्वास्थ्य संस्थावाट सेवा लिई आमाको मृत्यु भएमा सुत्केरी स्याहार प्रोत्साहन भत्ता वच्चाको पालनपोषण गर्ने व्यक्तिलाई समेत प्रदान गरिनेछ ।
१२) सामाजिक, आर्थिक, भौगोलिक रुपमा टाढा भई स्वास्थ्य चेतनाको अभाव अर्थात जानकारी नभई स्वास्थ्य सेवाको पहुँचवाट टाढा र सामाजिक रुपमा विभेदमा पारिएका महिलाहरुले घरैमा प्रसुति भएमा प्रसुति जाँच बच्चालाई खोप र ३५ दिन भित्रमा बच्चाको जन्मदर्ता खोटेहाङ गाउँपालिकाको स्थायी वासिन्दा भएमा प्रसति स्याहार प्रोत्साहन पोषण भत्ता एकमस्ट रुपमा रु. २,५००।– (अंक्षेरुपी दुई हजार